म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २३६ सोमबार, २५ चैत २०८१ ने. सं. ११४५ चौल्लाथ्व 7 April 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रुखबाट लडेर घाइते भएका वृद्धको मृत्यु

हेटौंडा, २४ चैत/हेटौंडाको चौकीटोलमा दुई दिनअघि रुखबाट लडेर घाइते भएका एक वृद्धको आइतबार मृत्यु भएको छ ।

हेटौंडा उपमहानगरपालिका-१ चौकीटोलका ६२ वर्षीय भरतबहादुर आलेमगर शुक्रबार रुखबाट लडेर घाइते भएका थिए । उपचारका निम्ति चितवन मेडिकल कलेज भरतपुरमा लगिएको थियो । अस्पतालका चिकित्सकहरुले उपचार सम्भव नहुने भनेर आइतबार घर फर्काइदिएका थिए । घरतर्फ ल्याउने क्रममा उनको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए ।

हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि चितवन मेडिकल कलेज लगिएको थियो । आफ्नै घर अगाडिको सरिफाको रुखमा चढेर सरिफा टिप्न खोज्दा आलेमगर लडेर घाइते भएका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चालु आवको ९ महिनामा मकवानपुरमा रुख र भीरबाट लडेर ३ जना महिलासहित १२ जनाको मृत्यु भइसकेको छ । यसअवधिमा १३ जना घाइते भएका छन् ।

# शिक्षक सडकमा, मन्त्रालय भर्ना अभियानमा, एसईईको कपी परीक्षण अलमलमा

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/नेपाल शिक्षक महासंघले चैत २५ गते अर्थात आज सोमबारबाट आम शैक्षिक हडतालको घोषणा गरेको छ । महासंघले एक बिज्ञपति जारी गर्दै शैक्षिक हडतालको घोषणा गरेको हो ।

नेपाल शिक्षक महासंघको आव्हानमा सामुदायिक विद्यालयका शिक्षक २०८१ माघ २० गतेबाट निरन्तर आन्दोलनमा छन् । यसैक्रममा २०८१ चैत २० गतेबाट काठमाडौंमा सडक आन्दोलन चलिरहेको छ । गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी गराउने सवालमा यो अन्तिम र निर्णायक आन्दोलन भएको महासंघले जनाएको छ ।

नयाँ शैक्षिक सत्रको सुरुवात अघि गर्नुपर्ने नतिजा प्रकाशन र आगामी शैक्षिक सत्रको व्यवस्थापनको काम यतिखेर विद्यालयको मुख्य काम थियो । कक्षा १० को अन्तिम परीक्षा एसईईको कापी परीक्षणमा पनि शिक्षकहरु संलग्न हुने समय यही हो । तर, यही समयमा महासंघले हड्तालको आह्वान गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८२ वैशाखबाट सुरु हुने नयाँ शैक्षिकसत्रको भर्ना अभियान योजना बनाउँदै छ । भर्ना अभियानको मुख्य सरोकार राख्ने शिक्षकहरु यतिबेला बार कि पारको




आन्दोलनमा सडकमा छन् ।

शिक्षकहरुको आन्दोलन जारी रहे नयाँ शैक्षिक सत्रको भर्ना अभियान समेत प्रभावित हुनेछ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले भर्ना अभियानको योजना बनाएर फाइल मन्त्रालयमा पठाएको छ । 'भर्ना अभियानको गृहकार्य भइरहेको छ । योजना बनाएर मन्त्रालयमा पठाएका छौं,' केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्रीले भने । तर, देशभरका शिक्षक आन्दोलनमा उत्रिएपछि विद्यालयको सबै गतिबिधि ठप्प भएको छ ।

केन्द्रले भर्ना अभियान, नि:शुल्क पाठ्यपुस्तक, प्रारम्भिक बालविकास, छात्रवृत्ति लगायतका योजना बनाएको छ । शैक्षिकसत्र अगाडि नै विद्यार्थीलाई हातहातमा पुस्तक पुऱ्याउने योजना सहित पुस्तक जिल्ला जिल्लामा पठाउने काम भइरहेको छ । तर, विद्यालयबाट विद्यार्थीलाई वितरण गर्न शिक्षक नै सडक आन्दोलनमा छन् । वार्षिक परीक्षा सकेर शिक्षक आन्दोलनमा होमिएपछि नतिजा प्रकासनमा पनि समस्या भएको छ ।

भर्ना अभियान सुरु हुनुअघि शिक्षकसँग सहमति हुने विश्वास केन्द्रको छ । 'शिक्षकले जिम्मेवारीवोध गर्नुहुन्छ । संसदको समितिमा विधेयक छ । उपसमिति बनाएर प्रक्रिया अगाडि बढेको छ । प्रधानमन्त्री र मन्त्रीले चासो दिनुभएको छ । छिटै सहमति हुने विश्वास छ,' महानिर्देशक काप्रीले भने । शिक्षक महासंघले भने चैत २५ गतेदेखि आम शैक्षिक हड्ताल घोषणा नै गरेको छ । यदि वैशाखअघि सहमति नभए ७० लाख बढी बालबालिकाको पढाइ प्रभावित हुनेछ ।

**एसईईको नतिजा प्रकाशनमा समेत ढिलाइ हुने**

माद्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा प्रकाशनमा समेत ढिलाइ हुने भएको छ । शिक्षकले माग पूरा नभएसम्म उत्तरपुस्तिका परीक्षण नगर्ने घोषणा गरेपछि नतिजा प्रकाशनमा ढिलाइ हुने निश्चित भएको हो । यो साताबाट उत्तरपुस्तिका परीक्षण सुरु हुनुपर्ने थियो । 'उत्तरपुस्तिका जिल्लाबाट परीक्षण केन्द्रमा पठाउने काम भइरहेको छ । शिक्षकले परीक्षण नगर्ने भन्नुभएको छ । यो साताबाट परीक्षण हुनुपर्ने हो । परीक्षण प्रभावित हुँदा असार ७ मा निकाल्ने भनेको नतिजा प्रभावित हुन्छ जस्तो छ', निमित्त प्रीक्षा नियन्त्रक विष्णुप्रसाद ज्ञवालीले भने ।

शिक्षक महासंघले आन्दोलनलाई थप सशक्त बनाउने भन्दै उत्तरपुस्तिका परीक्षण, गोष्ठी, तालिम लगायतका कुनैपनि शैक्षिक कार्यक्रममा सहभागी नहुन शिक्षकहरुलाई आब्हान गरेको छ ।

'गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी गराउने सवालमा यो अन्तिम र निर्णायक आन्दोलन हो । यो आन्दोलनलाई अझ सशक्त बनाउन २०८१ चैत्र २५ गतेबाट आम शैक्षिक हड्तालको घोषणा गरिएको छ । अब देशभरको सबै विद्यालय बन्द गरी काठमाडौंको शैक्षिक सडक आन्दोलनमा सहभागी हुन अनिवार्य आउन हामी सबै शिक्षक कर्मचारी साथीहरुलाई आग्रह गर्दछौं', महासंघले जारी गरेको विज्ञप्तीमा भनिएको छ ।

यो अवधिमा उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, सेमिनार, शैक्षिक भ्रमण जस्ता कुनै पनि काममा संलग्न नहुन महासंघले भनेको छ । २०८१ साल चैत ७ गतेदेखि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षामा देशभरबाट नियमिततर्फ ४ लाख ३१ हजार ४ सय ६६ र ग्रेड वृद्धितर्फ ६७ हजार ७ सय १५ गरी जम्मा चार लाख ९९ हजार १ सय ८३ विद्यार्थी समावेश भएका थिए ।

शिक्षकहरु चैत २० गतेदेखि काठमाडौ केन्द्रित सडक आन्दोलनमा रहेका कारण कतिपय विद्यालयमा वार्षिक परीक्षाको नतिजा प्रकासन गर्ने कार्यतालिका नै प्रभावित बनेको छ । पालिका तहमा संचालन हुने कक्षा ८ को उत्तरपुस्तिका परीक्षण समेत प्रभाबित भएको बताइएको छ ।

# असहायको उपचारको जिम्मा प्रदेश सरकारले लिन्छः मन्त्री थापा

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले कोही आफन्त नभएर विभिन्न आश्रममा पुगेका अनाथ, असहाय नागरिकको स्वास्थ्यउपचारको जिम्मेवारी प्रदेश सरकारले लिने बताएका छन् ।

सडकमा अलपत्र परेका, अनाथ, असहाय तथा बेवारिसे सडक जीवन विताइरहेकाहरुका लागि भवन निर्माणको सहयोगार्थ मानवकल्याण समाज भक्तपुरले मध्यपुरथिमिको राधेराधेमा आयोजना गरेको श्रीमद्भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञमा उनले बेसहाराका लागि आश्रम बनाउने जग्गा खोज्न आग्रह गर्दै भवन प्रदेश सरकारले बनाउने उल्लेख गरे । बागमती प्रदेशभित्रका विभिन्न आश्रममा रहेका अनाथ, असहाय नागरिकलाई प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमासँग जोडेर उपचारको व्यवस्था गर्ने मन्त्री थापाले बताए ।

उनले भने, 'विभिन्न आश्रममा रहेका अनाथ, असहाय नागरिकले समयमा उचित उपचार नपाएर अब ज्यान गुमाउनुपर्ने अवस्थाको हामी अन्त्य गर्दैछौं । आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्य बीमासँग जोडेर यस्ता नागरिकको परीक्षण र उपचार नि:शुल्क गर्ने व्यवस्था गर्नेछौं ।' मानवकल्याण समाजले २०७४ मा भक्तपुरमा सडकमा रहेका विभिन्न किसिमका रोगी तथा मनोरोगी, अनाथ, असहाय नागरिकको उद्दार गरी लालनपालन गर्दै आएको स्मरण गर्दै उनले जग्गाको व्यवस्थापन भएमा भवन प्रदेश सरकारले बनाउने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री थापाले भने, 'जसका कोही छैनन्, जो सडकमा बसेर कष्टकर जीवन बिताइरहेका छन्, उनीहरुलाई समाजले सहयोग गर्दै आएको छ । सडक मानवमुक्त गर्ने परिकल्पना लिएर अघि बढेको यो संस्थाले जग्गा व्यवस्थापन गरेमा भवन निर्माणको जिम्मा प्रदेश सरकारले लिने बताए । जारी महायज्ञमा उन एक लाख ११ हजार १ सय ११ दानसमेत गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# सुख्खायामको लागि मनहरीमा पोखरी निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/पश्चिम मकवानपुरको मनहरी गाउँपालिकामा सुख्खायामको लागि पानीपोखरी निर्माण गरिएको छ ।

सुनाचुरी सामुदायिक वनको बीच भागमा पोखरी निर्माण गरिएको हो । सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहका सचिव रमेश कार्कीका अनुसार गतवर्ष पनि समूहले यस्तै पोखरी निर्माण गरेको थियो । सिँचाइ र खानेपानीको आपूर्ति र व्यवस्थापनतिर सहज होस् भनेर यस्ता पानीपोखरी वनजंगलको बीच भागमा निर्माण गरिने गरिएका छन् । पोखरी निर्माण गरी प्राकृतिक रुपमा पानीको भण्डारण गर्ने र वन्यजन्तुलाई सुक्खा मौसममा पानी पिउनका लागि सजिलो बनाउन यस्तो काम गरिएको सचिव कार्कीले बताए ।



सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह जस्तै डिभिजनल वन कार्यालय मनहरी राप्तीले स्थानीय सामुदायिक वनसँगको समन्वयमा यस आर्थिक वर्षमा १२ वटा पानीपोखरी निर्माण गरिरहेको छ । एक ठाउँमा निर्मित पोखरीले अन्य तल्लो तटीय क्षेत्रमा खानेपानीको मुहानका रुपमा काम गरोस् भन्ने हेतुले सामुदायिक वन क्षेत्रमा पोखरी निर्माण गर्नु परेको डिभिजन वन कार्यालय राप्ती मनहरीका योजना शाखाप्रमुख दामोदर पाण्डेको भनाई छ ।

'हामीले महाभारत र चुरेक्षेत्रमा निर्माण गरिदिएका पोखरीले तल्लो तटीयक्षेत्र अर्थात् चुरेक्षेत्रतिर पानीको मुहानलाई योगदान गरोस् भन्ने मान्यता राखेका छौं ।' उनले भने 'सुक्खा मौसममा पोखरीमा संकलन भएको पानी वन्यजन्तुले तिर्खाएको बेलामा उपभोग गर्नसमेत मिल्ने भएकाले वन्यजन्तुलाई समेत सजिलो भएको छ ।' अहिले वनडढेलोका कारण जताततै गर्मी र तातो मौसम भएका कारण तिर्खाएका वन्यजन्तुलाई पोखरीले राहत पुऱ्याउने अपेक्षा गरिएको छ ।

डिभिजनल वन कार्यालय राप्ती मनहरीका अनुसार यसवर्ष १२ वटा पोखरी बन्नेछन् । तीमध्ये थाहा नगरपालिका वज्रवाराही खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसँगको समन्वयमा १५ लाख रुपैयाँ लगानीमा मुहान संरक्षणकार्य भइरहेको छ । स्थानीय सामुदायिक वन उपभोक्ता समूह र स्थानीय सामुदायिक महासंघको सहकार्यमा पानीपोखरीका काम अघि बढिरहेको डिभिजनल वन कार्यालय राप्ती मनहरीले जानकारी दिएको छ ।




साझाकुरा

## हाम्रो कुरा

# योजना बैंकको औचित्य

प्रदेश सरकारले वडातहबाट हुने टुक्रे, झिनामसिना योजनामा काम गर्दा ठूला र गौरवको योजना छायाँमा परेको भन्दै नागरिकले तीब्र आलोचना गरिरहेको अवस्थामा योजना बैंकको अवधारणा ल्याएको थियो । तर, त्यो योजना बैंक कार्यान्वयनमा चुनौती देखिएको छ । बागमती प्रदेश सरकारले बजेट विनियोजन प्रणालीलाई व्यवस्थित बनाउन आयोजना बैंक निर्माण गरेको थियो तर, २ पटकसम्म उद्घाटन भएर पनि कार्यान्वयनमा आएको थिएन । चैत्र ६ गते आयोजना बैंकलाई कार्यान्वयन गर्ने प्रतिबद्धता सहित प्रदेश नीति तथा योजना आयोगले आयोजना बैंक व्यवस्थापन तथा कार्यआरम्भ गऱ्यो । नीति तथा कार्यक्रमलाई योजनाबद्धरुपमा अगाडि बढाउनका लागि योजनाको पहिचान, छनोट तथा प्राथमिकीकरण गर्ने आयोगको उपाध्यक्ष डा.गंगादत्त नेपालको भनाई छ । ५० लाख रुपैयाँ भन्दा कमका योजनालाई नसमेट्ने उपाध्यक्ष नेपालले बताएका छन् ।

दुईपटक आयोजना बैंक गठन गरी त्यसैमार्फत बजेट विनियोजन गर्ने बताइएपनि उपलब्धि हासिल नभएको अवस्थामा पुन: कार्यान्वयन हुनेमा सांसद्हरुले आशंका व्यक्त गरेका छन् । प्रदेश सरकारले योजनालाई व्यवस्थित गर्न खोज्नु राम्रो भएपनि टुक्रे योजनालाई अन्त्य गर्न नसक्ने प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) का नेताहरुको भनाई छ । योजना बैंकको प्रभावकारी कार्यान्वयनको लागि राजनीतिक प्रतिबद्धता र कर्मचारीतन्त्रमा पनि चुस्तता चाहिन्छ । त्यो देखिएको छैन । सत्तापक्षीय दल नेपाली कांग्रेसले पनि योजना बैंकको प्रभावकारी कार्यान्वयनमा आशंका व्यक्त गरेको छ । एउटा सरकारले गौरवको योजना भनेर ल्याएको हुन्छ तर, सरकार परिवर्तन हुनेबित्तिकै त्यो योजना काट्ने पुरानै प्रबृति छ । विगतमा सरकार परिवर्तन भइरहँदा प्राथमिकताहरु पनि फरक पर्ने हुँदा आयोजना बैंकको कार्यान्वयन हुन सकेको थिएन । पहुँचको योजना र टुक्रे योजनालाई निरुत्साहित गर्न आयोजना बैंकले मद्दत पुऱ्याउने मुख्यमन्त्री बहादुरसिंह लामाको धारणा छ । बजेट परिचालनको चलखेल अन्त्यका लागि आयोजना बैंकलाई पूर्णकार्यान्वयन गरिने बताइएको छ । प्रदेश सांसद्को आशंकाकाबीच आयोजना बैंकको औचित्यलाई पुष्टि गर्नुपर्ने चुनौती प्रदेश सरकारसामु रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा आयोजना बैंकको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ को व्यवस्थाले आयोजना बैंकको औचित्य र अपरिहार्यताका विषयलाई पुष्टि गरेको छ । आयोजना बैंक सञ्चालनपश्चात विभागीय मन्त्रालयबाट सूचना प्रणालीमा योजना प्रविष्ट हुनेछ । मन्त्रालयले प्रविष्ट गरेका योजनाको प्रभावकारिताका लागि पेस गरेका कागजातको आधारमा मूल्यांकनसहित प्राथमिकीकरण गर्ने बताइएको छ । आयोगले निर्धारण गरेको मापदण्डका आधारमा सूचना प्रणालीमा प्रविष्ट भएका योजनाको मूल्यांकन तथा प्राथमिकीकरण गरिनेछ ।

सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकायबाट गरिने प्रारम्भिक प्राथमिकीकरणका आधारमा १०, प्रारम्भिक मूल्यांकनका लागि ३०, नीतिगत सामञ्जस्यताका लागि २१, मानव विकासको अवस्थाका लागि ६, संवैधानिक प्राथमिकताका लागि ८ अंक निर्धारण गरिएको बताइएको छ । सोही मापदण्डको आधारमा ५६ अंक वा सोभन्दा बढी भएका योजनालाई पहिलो र ५६ भन्दा कम अंक भएकालाई दोस्रोमा प्राथमिकीकरण गरिनेछ । प्राप्तांकका आधारमा क्रम निर्धारण गरी चैत्र मसान्तभित्र आयोजना बैंकमा समावेश गरिने बताइएको छ । समावेश आयोजनाको सूचीलाई मन्त्रालय र निकायमा वैशाख मसान्तभित्र पठाउने तयारी छ । मन्त्रालयले प्रस्ताव गरेका आयोजना जेठ २० गतेभित्र आवश्यक छलफल र सुझावका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संयुक्त बैठकमा प्रस्तुत गर्ने प्रावधान राखिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत २६ गते मंगलबार ८ अप्रिल २०२५ । एकादशी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:२४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा कलह | तुला | : मानसिक अशान्ति |
| वृष | : यात्रामा बाधा | वृश्चिक | : कार्यमा ढिलाइ |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : मांगलिक कार्य सम्पादन |
| कर्कट | : अपजस पाइने | मकर | : उपचारमा खर्च बढ्ने |
| सिंह | : बौद्धिक कार्यमा वाधा | कुम्भ | : मानमर्यादाको वृद्धि |
| कन्या | : व्यवसायमा विवाद | मीन | : नवीन कार्ययोजनामा लगानी |

# राजावादी र संसद्वादीबीच टक्कर



✍श्यामप्रसाद मैनाली

केही दिनदेखि नेपालको राजनीतिमा राजतन्त्र फर्काउने चर्चाले ठाउँ पाएको छ । नेपालका राजनीतिक दलका नेतृत्वमा रहनेहरूले नेपाली जनतालाई सुखशान्ति दिन सकेनन् । देश राजनीतिक अस्थिरताको चपेटामा पर्दै गयो । आर्थिक समृद्धि र सुशासनका सन्दर्भहरू छायामा पारियो । यी राजावादीहरूले बहुदलवादी नेतृत्व तहलाई लगाएका आरोपहरु हुन् । अब देशमा नेपालका भ्रष्टहरुलाई कानुनको कठघरामा ल्याउने कार्यक्रम राजतन्त्र स्थापित भएपछि हुनेछ । राजनीतिक स्थिरता आउनेछ । राष्ट्र र राष्ट्रियता र राष्ट्रवासीका पक्षमा काम कारबाहीहरु द्रुत गतिमा अघि बढ्नेछन् । सुशासनको अनुभूति नेपाली जनताले गर्न पाउनेछन् ।

यो विश्लेषण प्रचारप्रसार राजावादीहरूका तर्फबाट भइराखेको छ । पूर्वराजा ज्ञानेन्द्रले अब समय आएको र देशको समृद्धि र शान्तिका लागि आफूलाई सहयोग गर्न आम नेपाली नागरिकहरूमा अपिल गर्नुभएको छ । यसपश्चात् नेपालको राजनीति तरंगित भएको छ । देश दौडाहामा रहेका प्रमुख प्रतिपक्षी दलका नेता कमरेड प्रचण्ड आफ्ना कार्यक्रमहरु सबै थाती राखी राजधानी फर्किएका छन् । सत्तारुढ नेपाली कांग्रेस र एमालेलगायतका दलहरुमा ठूलै कम्पन आएको छ । यतिखेर राजावादी र बहुदलवादीहरूका बीच हिलो छ्यापाछ्यापको अवस्था देखिएको छ ।

यसले देशलाई कुन दिशातिर अभिमुख गराउने हो ? चिन्ताको विषय बनेको छ । यतिखेर राजाका पक्षमा नागरिकहरू ठूलै संख्यामा सडकमा देखिँदै आएका छन् । यसबाट राजावादीहरू उत्साहित बनेको स्थिति छ । संसद्वादीहरु राजालाई यो अभियानबाट रोक्न के गर्ने, कसरी अघि बढ्ने ? रणनीति तर्जुमा गर्न व्यस्त देखिएका छन् । अहिले राष्ट्रको मूल मुद्दा नै राजतन्त्र पुनर्स्थापित गराउने र गणतन्त्रलाई निरन्तरता दिने दुई पक्षहरूबीच केन्द्रित बनेको छ । निष्पक्ष र स्वतन्त्र नागरिकहरू देशको अवस्थाबाट अत्यन्त चिन्तित छन् । देशमा व्याप्त भ्रष्टाचार, स्वार्थको संघर्षको अवस्था र आर्थिक समृद्धिको दिशामा देश पछि परिराखेको स्थितिले चिन्तित बनेका छन् ।

यी दुई पक्षहरूबीचको टकरावमा देशले के-कस्ता समस्याको सामना गर्नुपर्ने हो ? राजतन्त्र स्थापित हुने सम्भावना कति हो ? राजतन्त्र स्थापित भइसकेपश्चात पनि देशको अवस्था कस्तो हुने हो ? अहिले सडकमा देखिएको नागरिकहरूको राजा ल्याउने अभियान सफल भएमा देशमा कस्ता राजा आउने हुन् ? संवैधानिक राजतन्त्र वा निरपेक्ष राजतन्त्र ? के संवैधानिक राजतन्त्रले देशमा कायापलट गर्न सक्छ ? के दलहरुलाई छायामा राखेर त्यसको शासन सञ्चालन राजाले गर्न सक्लान् ? देशले थप अस्तव्यस्तता बेहोर्नुपर्ने त होइन ? यो अवस्थामा अहिले स्वतन्त्र नागरिकहरू द्विविधामा पर्दै चिन्तित बनिराखेका छन् ।

यसको निकास संसद्वादी दलहरु र राजावादीहरूले संयुक्तरुपमा निकाल्ने हुन् वा आ-आफ्ना प्रकारले अघि बढ्दा थप द्वन्द्वको अवस्था सिर्जना हुने हो ? यसलाई सही दिशानिर्देश गर्न सक्ने विराट व्यक्तित्व नेपालको राजनीतिमा देखिएका छन् त ? यसको उत्तर पनि सहज देखिएको छैन । यही परिवेशमा अबको राजनीति कुन दिशातिर अभिमुख हुने हो ? त्यसैमा केन्द्रित भएर यो आलेख तयार पारिएको छ । १५ गते राजावादीहरुको कार्यक्रममा देखिएको अराजक अवस्थाले चिन्ता थपिएको छ ।

नेपालको राजनीति भूराजनीतिबाट प्रभावित भइराखेको छ । राजनीतिक घटनाक्रम र व्यवस्थामा भएको परिवर्तन नेपालको आन्तरिक बलबुताले मात्र सफल भएको छैन । छिमेकी राष्ट्रहरूको सौजन्य राजनीतिक आन्दोलन, क्रान्ति, अभियान सबैमा प्राप्त भइराखेकै छ । अहिलेको राजनीतिक टकराव जुन देखिँदै छ, त्यसमा छिमेकी देशहरूको प्रभाव के-कस्तो छ ? सोको बारेमा विश्लेषण हुनु जरुरी छ । किनकि राजनीतिक घटनाक्रममा अप्रत्यक्षरुपमा भूराजनीतिले अत्यन्त बढी प्रभाव पारेको थियो । १० वर्षसम्म अघि बढेको माओवादी आन्दोलन भारतले पूर्णरुपमा सहयोग समर्थन गरेर मात्र अघि बढेको हामी सबैलाई स्पष्ट छ । अब यो राजनीतिक घटनाक्रम मात्रै भूराजनीतिबाट पृथक रहन सक्दैन ।

त्यसैले यसबारेमा चिन्तन गरौं । लामो समयदेखि देशका प्रधानमन्त्री छिमेकी देश भारतको भ्रमण गर्न लालायित छन् । धेरै पटक उनको भ्रमण गराउने राजनीतिक प्रयास विभिन्न माध्यमबाट भइराखेको छ । स्वयं प्रधानमन्त्रीले चीन भ्रमण गर्नेबित्तिकै भारतको भ्रमण गर्ने अभिव्यक्ति पटक-पटक दिनुभएको थियो । तर हालसम्म पनि भारतले बोलाएको छैन । यसको कारण के हुन सक्छ ? विश्लेषण हुनुपर्दछ । ओलीजीले भारतको विरोध गर्दै राष्ट्रवादी नेताको छवि बनाउनुभयो । नाकाबन्दीको विरोध गर्दै कालापानी लिम्पियाधुरा क्षेत्र अतिक्रमणको विषयलाई संसद्मै छलफल गराई उक्त क्षेत्र नेपालको भएको राजनीतिक नक्सा कायम गर्नुभयो । यसबाट भारत उहाँसँग सन्तुष्ट नहुनु स्वाभाविकै हो । अहिले देशको प्रधानमन्त्री ओलीजीलाई भारत भ्रमणको स्वीकृति नदिनु पनि यही कारण हो भनेर अनुमान गर्दा सत्यको नजिक पुगिन्छ ।

अहिलेका सरकारमा रहेका र सत्ता साझेदारी दलका नेता कसैलाई पनि भारतले खासै महत्व दिएको देखिएन । नेपाल राजनीतिक हिसाबले सामरिक र रणनीतिक महत्वको देश भारतले मान्दै आएको छ । त्यसैले भारत नेपालमा आफू अनुकूलको शासनसत्ता चाहन्छ । पूर्वराजा ज्ञानेन्द्र मन्त्रिपरिषद्को अध्यक्ष हुँदा एक-दुईवटा भारतलाई अप्रिय लाग्ने र राजनीतिक हिसाबले पनि कमजोर प्रस्ताव र काम-कारबाहीहरु गर्नुभएको थियो । प्रतिनिधि उदाहरणको लागि सार्कमा पर्यवेक्षक सदस्यका रुपमा चीनलाई कायम गर्ने प्रस्ताव नेपालले राखेको थियो ।

सो प्रस्तावबाट भारत तत्कालीन राजा ज्ञानेन्द्रसँग प्रसन्न थिएन । यस्तै अरु प्रस्तावहरू पनि राजा ज्ञानेन्द्रले राष्ट्रियताको हिसाबले स्वीकार नगर्नुभएको जानकारीबाट त्यस समयमा सुसूचित भइएको थियो । राजा हटाई गणतन्त्र ल्याउने १२ बुँदे समझदारी नयाँ दिल्लीमा भएको थियो । त्यसैले देशको गणतन्त्र जनताले मात्रै चाहेर आएको थिएन । अब अहिलेको राजालाई स्थापित गराउने एजेन्डामा प्रत्यक्षरुपमा सडकमा देखिएका राजनीतिक दलहरूलगायतका समूहहरू मात्रैको प्रयास हो वा यस अभियानमा छिमेकी देशको पनि सहयोग रहेको छ । यसलाई महत्व दिएर हेर्नुपर्ने हुन्छ । यदि अन्तर्राष्ट्रिय सद्भावको अभावमा पूर्वराजा ज्ञानेन्द्रले यो अभियानको आह्वान गर्नुभएको हो भने यो अर्को फेरि कलाविनाको नाटक मञ्चन हुनेछ । अन्यथा राजावादीहरूको आन्दोलनलाई अवमूल्यन गर्ने अवस्था देखिँदैन ।

राजाको रुपमा नारायणहिटी प्रवेश गरेपश्चात् गर्ने कामहरू प्राथमिकताका आधारमा के-के हुन् ? संवैधानिक राजतन्त्र र बहुदलीय शासन प्रणाली कायम गर्ने राजावादीहरूको एजेन्डा देखिँदै छ । कार्यकारणी अधिकार संवैधानिक राजासँग रहँदैन । कार्यकारिणी अधिकारविनाको राजतन्त्र सांकेतिक हुन्छ । आलङ्कारिक हुन्छ । अर्को अर्थमा वर्तमान समयका राष्ट्रपति रामचन्द्र पौडेलजस्तै हुन्छ । यस्तो राजतन्त्रबाट जुन किसिमको अपेक्षा र आकांक्षासहित नागरिकहरु सडकमा होमिएका छन्, त्यो सम्भव हुँदैन । किनकि संवैधानिक राजतन्त्रले भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा सरकारलाई सुझावसम्म दिन सक्छ तर नियन्त्रण गर्न सक्दैन । भ्रष्टाचारको भन्डाफोर गर्दै भ्रष्टाचारीहरुलाई कानुनको कठघरामा उभ्याउने अहिलेका आन्दोलनकारीहरुको मूल एजेन्डा छ ।

यो एजेन्डामा राजतन्त्र प्रवेश गर्न सक्दैन । राजा स्वयंले भ्रष्टाचार नियन्त्रणका लागि अघि बढेर खासै उपलब्धि हासिल गर्न सक्दैनन् । यसको लागि निरपेक्ष राजतन्त्र जरुरी हुन्छ । निरपेक्ष राजतन्त्र अहिलेको अवस्थामा कल्पनाभन्दा धेरै टाढा छ । जब देशमा भ्रष्टाचार निर्मूल हुन सक्दैन, नियन्त्रणमा आउन सक्दैन, राजाको एजेन्डा त्यही विन्दुमा असफल हुन्छ । दोस्रो हो हिन्दु राष्ट्र बनाउने सन्दर्भ, यसमा यदि अन्तर्राष्ट्रिय सहयोग र सद्भाव रहेको अवस्था हो भने यो लक्ष्य पूरा हुन सक्छ । किनकि देशमा अत्यधिक बहुमत हिन्दु धर्मावलम्बीहरूको छ ।

त्यसैले जनमत स्वभावत: हिन्दु राष्ट्रको पक्षमा हुन्छ । यो प्राप्त भएमा अन्तर्राष्ट्रिय स्तरमा नेपाल पहिलेको जस्तै एकमात्र हिन्दु राष्ट्र हुनेछ । यो नेपाल र नेपालीहरूको लागि ठूलो गौरवको विषय हो । यसैलाई मात्र राजतन्त्रको पक्षमा नागरिकहरु सडकमा आएका भने किमार्थ होइनन् । मूल एजेन्डा भनेकै राजतन्त्र स्थापना गरेर भ्रष्टाचार नियन्त्रणलाई अभियानकै रुपमा अघि बढाउनु हो । नेपालको सन्दर्भमा राजतन्त्र पुनर्स्थापित भएको अवस्थामा पनि यदि राजनीतिक दलहरुले यस एजेन्डालाई साथ र समर्थन गरेनन् भने सफल हुन सक्दैन ।

राजनीतिक दलहरूका शिर्षस्थहरू नै विवादित बनेका छन् । नागरिकहरूको मनमस्तिष्कमा उनीहरूलाई नै अपराधीका रुपमा लिइँदै छ । तसर्थ राजनीतिक दलहरूको सौहार्दता र सहयोग प्राप्त हुँदैन । एकछिन् कल्पना गरौं । यस देशमा राजनीतिक दलहरूलाई माथि नै प्रतिबन्ध लाग्ने अवस्था सिर्जना भयो । यो भनेको सीधै २०१९ सालमा फर्किनु हो । यो सम्भव हुँदैन । नेपाली नागरिकहरूको मनोविज्ञान स्वतन्त्रताप्रेमी, लोकतन्त्रको पक्षपाती र नागरिकतन्त्रको हिमायती भइसकेको छ । त्यसैले राजा आउँदा पनि आलंकारिक राजा आउने हुन् ।

यस्ता राजाबाट धेरै कुराको अपेक्षा गर्न थालियो भने त्यो पनि अपरिपक्व चिन्तन हुनेछ । बहुदलीय शासन प्रणालीमा जतिसुकै अप्रिय र अस्वीकार्य भन्दै गर्दा पनि जनताका मानिस भनेका दलकै नेताहरू र प्रतिनिधिहरु नै हुन् । यसमा कुनै सन्देह रहँदैन । व्यवस्थाका पात्रहरू निर्वाचनबाट जनताले परिवर्तन गर्दिन सक्छन् । विकल्प पाउँदाको अवस्थामा बहुदलीय शासन प्रणालीमै नयाँ परीक्षण नभएका शक्तिलाई विश्वास गर्न सक्छन्, तर बहुदलीय शासन प्रणालीलाई नै अन्त्य गर्ने निर्णय आधुनिक स्वतन्त्रप्रेमी समाजले स्वीकार गर्दैन । यस अवस्थामा राजतन्त्र आउँदा दलकै प्रतिनिधिहरूसँग मिलेर हातेमालो गर्दै अघि बढ्ने हो । अब राजा दरबारमा सिंहासनमा राज हुने प्रक्रियाको बारेमा छलफल गरौं ।

दुर्गा प्रसाईंजीले भनेजस्तै उहाँको हात समाएर पूर्वराजा लुरुलुरु राजदरबार प्रवेश गर्ने होइन होला । यसका पनि आफ्नै तरिकाहरु छन् । पहिलो त राजा ल्याउने पक्षमा जनताको निर्णय हुनुपऱ्यो । निर्णयपश्चात् दुईवटा विकल्पहरु हुन्छन् । पहिलो हो विद्यमान संविधानकै आधारमा देशमा राजा फर्किने हो । वर्तमान संविधान गणतान्त्रिक संविधान हो । त्यसैले संविधानका निश्चित प्रावधानहरू निलम्बन नभएसम्म विधिवत्रुपमा राजतन्त्र स्थापित हुन सक्दैन । यसका लागि जनताको चाहना, इच्छा, आकांक्षा गणतन्त्रवादीहरुले बुझ्नु जरुरी हुन्छ । तत्पश्चात् दुई पक्षहरुबीच सम्मेलन अथवा वार्ता हुनुपर्दछ । यो वार्ताले मात्र कानुनसम्मत हिसाबले राजतन्त्र स्थापित गर्ने तरिका पहिचान गर्न सक्छ । सो विकल्पमा जान सक्छ ।

यसभन्दा अघि दुवै पक्षहरूको ताण्डव नृत्य सडकमा छताछुल्ल हुनेछ । त्यसले देशलाई अप्ठ्यारोमा पुऱ्याउने त होइन ? चिन्ताको विषय हुने नै भयो । यदि जनउभार राजतन्त्रको पक्षमा देखियो भने लोकतन्त्रवादीहरुले जनमतको कदर गर्नुपर्दछ । त्यस अवस्थामा संविधानसम्मत हिसाबले राजतन्त्रलाई स्वागत गर्न तत्पर हुनुपर्दछ । अन्यथा आफ्नो निर्णयको अवज्ञा भएकोदेखि जनतामा आक्रोश आउन सक्छ । आम जनमानसमा आक्रोश फैलिँदा यसको नतिजा अप्रिय हुने नै भयो । तर यो अवस्थामा देश पुगिहाल्ने स्थिति पनि देखिँदैन ।

अन्त्यमा जनमत कुन पक्षमा ज्यादा देखियो ? राजावादीहरूको आन्दोलनले कुन लेभलको प्रभाव पार्दै गयो ? त्यसको आँकलन भएर यसको शान्तिपूर्ण समाधान दिने दायित्व फेरि पनि संसद्वादी दलहरुमै रहन्छ । यस अवस्थामा समग्र संविधान निलम्बन हुन सक्छ । अर्को संविधान बन्न सक्छ । बन्नु जरुरी हुन्छ । दोस्रो हो, दुवै पक्षको बीचको तनाव अत्यन्त ज्यादा हुन्छ । दुवैले एक-अर्काको अस्तित्वलाई स्वीकार गर्दैनन् । यस अवस्थामा नेपाली सेना र नेपाल प्रहरीको भूमिका निर्णायक हुन सक्छ । पूर्वराजा ज्ञानेन्द्रको आह्वानपश्चात् नेपाली सेनाले आफूलाई जनताको सेना रहेको अभिव्यक्ति सार्वजनिक हुनुले राजनीतिक परिवर्तनको अनुमान यसमा चासो राख्नेहरुले गरिराखेका छन् ।

यदि जनताको बलमा संविधान निष्क्रिय बनाइने र राजतन्त्र पुनर्वहाली हुने अवस्था बन्दै गयो भने हालका राजनीतिक दलका थुप्रै बदनाम पात्रहरूले कारावासको सजाय पाउनेछन् । यस अवस्थामा राजा संवैधानिक राजामा मात्रा सीमित रहने स्थिति हुँदैन । किनकि राजाकै कठपुतली सरकारको माध्यमबाट कानुनी शासन अवलम्बन हुनेछ ।

यो अवस्थामा पुग्नु भनेको तानाशाही तन्त्र नै देशमा भित्रिनु हो । यदि निरपेक्ष राजाको भूमिकामा राजा देखिँदै गए भने यसले देशलाई अत्यन्त जोखिममा पार्न सक्छ । किनकि राजनीतिक दलप्रति आस्थावान् नेपालीहरु अहिले पनि ठूलो संख्यामा रहेका छन् । देशले अवलम्बन गरेको राजनीतिक पद्धतिलाई सहर्ष स्वीकार गरेका छन् । उनीहरूको स्वतन्त्रताप्रतिको मोह अत्यन्तै ज्यादा छ । पात्रहरूसँग मात्र नेपाली जनताको विकर्षण र आक्रोश हो । त्यसैले भोलिका दिन सोचेजस्तो सहज हुने देखिँदैन । निरपेक्ष राजाको भूमिकामा अबका दिनमा राजालाई रहन दिनु पनि हुँदैन, किनकि ज्ञानेन्द्र राजा र मन्त्री परिषद्को अध्यक्षसमेत रहँदाको अवस्थामा देखिएका नमिल्दा र लोकतन्त्रविरोधी कार्यहरु नेपाली जनमानसमा ताजा छन् ।

सञ्चारकर्मीहरूले उनीहरूमाथि लगाएको बन्देजलाई स्मरण गर्नेछन् । कर्मचारी तन्त्रमाथि बजिएको डण्डाको हेक्का स्थायी सरकारले राखिराखेका छन् । सरकारमा उपयोगविहीन अवस्थामा पुगेका वृद्धहरू राखेर पूर्वराजा आफैं बदनाम हुन पुगेका थिए । सर्वसाधारण नागरिकहरुले यसको अनुमान अहिले नै गर्न थालेका छन् । किनकि ८६ वर्षीय युवाले राजावादीहरूको आन्दोलन हाँक्ने असफल प्रयास भएको छ । यस अवस्थामा राजा जे-जस्तोसुकै हैसियतको भए पनि शासन सञ्चालन गर्न अत्यन्त असहज हुनेछ । यसबाट अन्त्यमा प्रताडित हुने भनेकै नेपाली जनता हुन् । यसबारेमा सबै तप्काका जनहरुले चिन्तन गम्भीरतापूर्वक गर्नुपर्दछ ।

निष्कर्षमा पुगी छलफल गर्दा केही अवस्थाहरू अबको राजनीतिले पार गर्नुपर्ने हुन्छ । पहिलो हो, राजा स्थापित हुन अत्यन्त असहज छ । राजावादीहरुकै बीचमा द्वन्द्व मानसिकरुपमा देखिँदै छ । यी सबै झुन्डहरु स्वार्थलोलुप बन्दै गएका छन् । अपवादबाहेक राजाका पक्षपातीहरू सबै विभिन्न कालखण्डमा ठूला-ठूला विवादमा मुछिएका छन् । राजनीतिक सिद्धान्त अत्यन्त छिटो-छिटो परिवर्तन गर्न विशेषज्ञता हासिल गरेकाहरू पनि देखिएका छन् । यी सबै पूर्वमहापञ्चहरूको झुन्ड त हुँदै हो । यी महापञ्चहरूको कर्तुत र क्रियाकलाप युवाहरूबाहेक प्रौढहरूले धेरथोर र वृद्धहरू सबैले पूरै रुपमा अनुभूति गरेका छन् । प्रताडित बनेका पनि छन् । पूर्वराजा ज्ञानेन्द्रकै विषयमा विविध प्रकारका तथ्यमा र अनुमानमा आधारित दुवै प्रकारका आलोचनाहरू यतिखेर चर्चामा छन् ।

त्यसैले राजा आउँदा र अहिलेका भ्रष्ट भनिएका नेताहरु रहँदामा मौलिकरुपमा कुनै पनि प्रकारको भिन्नता हुनेछैन । तसर्थ यदि जनताको बलबुतामा राजतन्त्र स्थापित हुने अवस्था देखियो भने त्यस अवस्थामा संसद्वादीहरुले जनताको इच्छालाई स्वीकार गर्नुपर्दछ । राजावादीहरूसँग मिलेर समझदारी गर्दै भोलिका दिनमा शासन सञ्चालन गर्ने रणनीति अवलम्बन गर्नुपर्छ । संवैधानिक प्रावधानअनुसार विधिवत् राजालाई सिंहासनमा राख्नुपर्दछ । यही घडीमा वर्तमान संसद् विघटन गरेर राष्ट्रिय सरकार गठन हुनुपर्दछ ।

यस्तो सरकारमा दलभित्र बदनाम नभएका आदर्श पात्रहरू खोजीखोजी सरकारमा राखेर शासन सञ्चालन गर्नुपर्दछ । यस स्थितिमा उच्चपदस्थ सार्वजनिक पदाधिकारीहरूको सबैको सम्पत्ति छानबिन गर्दै प्रचलित कानुनअनुसार कारबाही गर्न अधिकार सम्पन्न संवैधानिक आयोग गठन गर्नुपर्दछ । यो आयोगले तथ्यमा आधारित भई गरेका निर्णयहरू शीघ्र कार्यान्वयन गरिनुपर्दछ । तर अहिले पनि शासनसत्तामा रहेकाहरूका लागि अवसर छ ।

उनीहरुले शीघ्र केही जनतालाई स्वीकार्य, जनस्तरबाट स्वागत गरिने कार्यक्रमहरू लागू गर्ने घोषणा गर्दा हुन्छ । यस्ता कार्यक्रमको कार्यान्वयनमा जाँदा जनस्तरमा उनीहरूको मान्यता र स्वीकार्यता बढ्दै जान्छ । भ्रष्टाचार नियन्त्रणको एजेन्डा र भ्रष्टहरुलाई कडा कारबाही गर्ने विषयलाई अभियानकै रुपमा अघि बढाउनु उपयुक्त हुन्छ । तर यो कदम आफैंमा आत्मघाती हुने देखिन्छ । त्यसैले यस पक्षमा रहने शासनसत्तामा रहनेहरू र प्रमुख प्रतिपक्षी दल पनि तयार हुनेछैनन् ।

यस अर्थमा आउँदा दिनहरूमा राजावादीहरूको आन्दोलन अघि बढ्दै गएमा सडक र सदन दुवै तताउनका लागि बहुदलवादीहरु अग्रसर हुनेछन् । यसले दुवै पक्षका बीच चरम द्वन्द्वको अवस्था सिर्जना हुन्छ, विदेशी शक्तिले खेल्ने मौका यहींनेर पाउँछ । यसतर्फ सबै पक्षहरू चनाखो हुनु जरुरी छ । तर १५ गतेको राजावादीहरुको कार्यक्रम अत्यधिक अराजक देखियो । यसबाट राजावादीहरूमा चिन्ता छाएको छ । गणतन्त्रवादीहरु थप उत्साहित बनेका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# नागरिकलाई सांसद छान्ने अधिकार छ, फिल्म छान्ने छैन

✍मनोज पण्डित

फिल्मको प्रभाव धेरै हुन्छ, सही र गलत मापन गर्नुपर्छ भन्ने एउटा भनाइ छ । यसैले सेन्सरको मान्यता स्थापित गरेको हो । लामो समयदेखि फिल्म क्षेत्रमा काम गरेको र गहिरो अध्ययनका हिसाबले म अहिले आएर के निष्कर्षमा पुगेँ भने- फिल्मले समाज बनाउने, बिगार्ने केही गर्दैन । फिल्मले बनाउने भए हाम्रो समाज आजसम्म स्वर्ग भइसक्थ्यो । बिगार्ने भए अहिलेसम्म समाज नर्क भइसक्थ्यो । त्यसैले फिल्मले समाज बनाउने र बिगार्ने केही होइन ।

फिल्म भयङ्कर ठूलो हो भन्ने बोझसमेत बोकाइएको छ । त्यो बोझबाट फिल्मलाई बाहिर निकाल्नुपर्छ । फिल्मले केहीलाई उत्प्रेरणा दिन सक्छ । फिल्मको मूल उद्देश्यभित्र जहिले पनि राम्रो कुराले नराम्रोलाई जित्छ । नराम्रो कुरोको परिणति नराम्रै हुन्छ । नराम्रो एक्सनको परिणाम नराम्रो हुन्छ भनेर देखाइन्छ । त्यस कारण मानिस सुनिुपर्छ । मानिस समभावी हुनुपर्छ भनेर यसले हितकर कुरा गर्न प्रेरित गर्न सक्छ । तर मानिसलाई यही गर्नुपर्छ भनेर बाध्य बनाउन सक्दैन । राजनीति, अर्थतन्त्रलगायत समाज बन्ने, नबन्ने कुरोमा महत्त्वपूर्ण ठुला फ्याक्टरहरू अन्य छन् । फिल्म त सानो क्याटलिस्ट हो । फिल्मलाई ठुलो बोझ बोकाइएको छ । पहिले त फिल्म यसबाट मुक्त हुनुपर्छ । त्यो हुँदा मात्र फिल्म स्वतन्त्र ढंगबाट प्रज्वलित हुन सक्छ ।

फिल्मले वेला-वेलामा सेन्सरसिपको झमेला भोग्छ, पीडित बन्छ । त्यो समय मिडियाले लेख्छ-राज्य फिल्म कलासंस्कृतिसँग डरायो ।' यो गलत न्यारेटिभ हो । राज्य फिल्म, कलासँग डराएर सेन्सरसिप लागेको होइन । राज्यले तर्साउन सेन्सर गरेको हो । डरायो भन्ने कुरो गलत हो । सेन्सरसिप फिल्मकर्मीलाई तर्साउने एउटा हतियार मात्र हो । छोरी कुटेर बुहारी तर्साउने भन्ने नेपालीको एउटा उखान छ । त्यस्तै ब्युरोकेसीले फिल्म सेन्सर गरेर समाजलाई तर्साएको हो । फिल्मसँग डराएर होइन ।

पहिले म पनि त्यही सोच्थेँ- मेरो फिल्ममा पनि धेरै पटक सेन्सरका कैँची चलेका छन् । सेन्सर गर्नु भनेको राज्य डराएको हैन, झन् झन् बढी कन्फिडेन्ट भएको हो । डराएको फिल्म मेकर हुन् । हारेको फिल्म मेकर हुन् । आजको दिनसम्म सेन्सरको अवस्था नियाल्ने हो भने फिल्म मेकरहरू हारिरहेका, तर्सिरहेका अवस्था हो । मेरो बुझाइमा नेपालका फिल्ममेकहरू सेन्सरसिपबारे सिरियस नै छैनन् । अर्को पक्षको मूल्याङ्कन गर्नुभन्दा पहिले आफ्नो मूल्याङ्कन गरेर हेर्दा यस विषयमा फिल्ममेकर गम्भीर छैनन् । जो पर्छ, कराउँछ र केही समयपछि हराउँछन् ।

क्रमश: पृष्ठ-३...

# ६ महिनापछिको नेतृत्व जोडिएपछि एआईजी बढुवामा रस्साकस्सी



काठमाडौं/नेपाल प्रहरीमा अतिरिक्त महानिरीक्षक (एआईजी)को ६ दरबन्दी खाली भएको १५ दिन बित्यो । ४ चैत राति १२ बजेबाट एआईजीहरु टेकप्रसाद राई, दुर्गा सिंह, बुद्धिराज गुरुङ, कुवेर कडायत र जनक भट्टराई ३० वर्षे सेवा अवधिका कारण अवकाशमा गएपछि पाँच एआईजीको दरबन्दी खाली भएको हो ।

उनीहरुसँगै प्रहरी महानिरीक्षक (आईजी) बसन्तबहादुर कुँवर पनि अवकाशमा गए । रिक्त आईजी पदमा एआईजी दीपक थापाको बढुवा भयो । थापाको ठाउँमा समेत एआईजी खाली भएसँगै प्रहरीमा रिक्त एआईजीको संख्या ६ पुगेको छ ।

६ एआईजीको दरबन्दी रिक्त भएको १५ दिन पूरा भइसकेको छ । तर अहिलेसम्म एआईजी बढुवाका लागि सिफारिस हुन सकेको छैन । नेपाल प्रहरीमा अहिले दुई मात्रै एआईजी छन् । जसमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा टेकबहादुर तामाङ र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सुदीप गिरी छन् ।

नेपाल प्रहरीमा जनपद समूहतर्फ ८ एआईजीको दरबन्दी छ । तर ६ वटा विभाग भने अहिले एआईजीविहीन छन् । जसमा, मानव स्रोत विभाग, प्रशासन विभाग, कार्य विभाग, अपराध अनुसन्धान विभाग, प्रदेश समन्वय विभाग र केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) एआईजीविहीन छन् । लामो समयसम्म प्रहरीका उच्च पदहरु खाली हुँदासमेत बढुवा प्रक्रिया अघि बढ्न सकेको छैन ।

एआईजी बढुवाका लागि गृहसचिवको नेतृत्वको बढुवा सिफारिस समिति रहने व्यवस्था छ । प्रहरी नियमावली २०७१ को दफा २७ (१) को (क) अनुसार बढुवा सिफारिस समितिमा गृहसचिवका साथै प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका सचिव (सदस्य) र प्रहरी महानिरीक्षक (सदस्य सचिव) रहने व्यवस्था छ ।

तर, यो बढुवा सिफारिस समितिले अहिलेसम्म एआईजीको बढुवाको गृहकार्य गरेर सिफारिस प्रक्रिया अघि बढाउन सकेको छैन । ५ चैतमा गृहमन्त्रालय सिंहदरबारमा आईजीको दर्ज्यानी चिह्न लगाएपछि बढुवा न्यायोचित बनाउने उद्घोष दीपक थापाले गरेका थिए । कार्यक्षमताको उचित मूल्यांकन गरिने बताउँदै उनले वृत्ति, विकास र पदोन्नतिको समयमा प्रहरी कर्मचारीले कुनै प्रकारको दुखः पीडा भोग्न नपरोस् भन्नेतर्फ हरदम सजग रहने उनको भनाइ थियो ।

'पहुँचको हैन, पद्धतिको थिति बसाल्न हर-हमेशा प्रयत्नशील रहन्छु' उनले भनेका थिए । तर, शक्तिकेन्द्रको पहुँचकै कारण अहिलेसम्म एआईजी बढुवा गर्न नसकिएको प्रहरी अधिकारीहरुको बुझाइ छ । 'एक त माथिल्लो तहको बढुवा भयो । अर्कोतर्फ भने नेतृत्वसम्म पुग्ने भएकाले बढुवामा निकै सकस भएको देखिन्छ,' आईजीकै सचिवालयका एक अधिकारी भन्छन् ।

**दुई महिने आईजीको सम्भावित रेखा कोर्ने एआईजी बढुवा**

अहिले एआईजी बढुवामा ढिलासुस्ती हुनुमा भावी आईजीको साइनोसम्म जोडिएको छ । विद्यमान प्रहरी नियमावलीअनुसार आगामी १८ भदौ २०८२ को गते राति १२ बजेबाट आईजी दीपक थापा अनिवार्य अवकाशमा जान्छन् ।

त्यस्तो अवस्थामा ६ महिनापछि बन्ने आईजीको सम्भावित ढोकासमेत अहिलेको एआईजी बढुवा खोल्नेछ । त्यतिमात्रै होइन, ६ महिनापछि २ महिनाका लागि आईजी भन्ने र त्यसपछिको आईजी को बन्ने भन्नेसम्म अहिलेको बढुवाले धेरै अर्थ लाग्छ । जसका कारण एआईजी बढुवालाई शक्तिकेन्द्रले पनि आफू अनकूल हेरेको छ ।

एआईजीको बढुवामा सीआईबीमा कार्यरत डीआईजी चन्द्रकुवेर खापुङ, मधेश प्रदेशमा कार्यरत लालमणि आचार्य, बागमती प्रदेशमा कार्यरत कृष्णहरि शर्मा मुख्य प्रतिस्पर्धामा छन् । उनीहरु २७ कात्तिक २०५२ मा प्रहरी निरीक्षकमा भर्ना भएका टोलीहरु हुन् । एआईजी बढुवाको दाबेदार रहेका खापुङ र आचार्य २० चैत २०७९ मा डीआईजी बढुवा भएका थिए । शर्मा भने गत जेठमा डीआईजी बनेका थिए ।

आचार्य भने एआईजीमा बढुवा भए पनि ५६ वर्षे उमेरहदका कारण उनी यसअघि नै अवकाशमा जाने भएकाले उनी आईजीको प्रतिस्पर्धामा रहँदैनन् । यो ब्याचका बाँकी दुई जना खापुङ र शर्मा एआईजीमा बढुवा भएको अवस्थामा उनीहरुमध्येबाट एक जना (१९ भदौदेखि २६ कात्तिकसम्म) दुई महिनाका लागि आईजी बन्ने बाटो खुल्छ । जसका कारण पनि उनीहरु अहिले जसरी पनि पहिलो नम्बरमै बढुवा हुने लबिइङमा छन् ।

खापुङ र शर्मामध्ये एक जनामात्रै अहिले एआईजीमा बढुवा भएको अवस्थामा उनैलाई दुई महिनाका लागि आईजी बन्ने बाटो खुल्नेछ ।

**८ महिनापछिको प्रहरी नेतृत्वमा पुग्ने कसरत**

खापुङ र शर्मामध्ये एक जना दुई महिना आईजी भए पनि त्यसको प्रहरी नेतृत्वसम्म अहिलेको एआईजी बढुवाले प्रभाव राख्छ । उनीहरु तीन बाहेक एआईजी बढुवामा लुम्बिनी प्रदेशनका डीआईजी दानबहादुर कार्की, प्रहरी एकेडेमीमै कार्यरत रहेका डा मनोज केसी, कोशी प्रदेश प्रहरी प्रमुख राजन अधिकारी, विशेष ब्यूरो प्रमुख सिद्धिविक्रम शाह, प्रशासन विभागमा रहेका सुशील सिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ, डम्बरबहादुर विक एआईजी बढुवाको प्रतिस्पर्धामा छन् ।

४ जेठ २०८१ मा कार्की, केसी र अधिकारी डीआईजी बढुवाका लागि सिफारिस भएका थिए । उनीहरु तीनै जना १८ चैत २०५४ मा प्रहरी निरीक्षकमा भर्ना भएका थिए ।

त्यतिबेला उनीहरुभन्दा सिनियर ब्याच (५ पुस २०५३ मा प्रहरी निरीक्षकमा भर्ना भएका) का शाह, राठौर, चतुर्वेदीलगायत बढुवामा छुटेका थिए । उनीहरु इन्स्पेक्टरमा एक वर्ष सिनियर र एसपी, एसएसपीमा पनि वरीयतामा अगाडि थिए ।

२०५३ को यो टोली भने ९ मंसिर २०८१ मा बल्ल डीआईजी बढुवामा सिफारिस भएको थियो । अहिले भने डीआईजी बढुवामा आफूहरुमाथि भएको अन्याय एआईजी बढुवामा सच्याउनुपर्ने भन्दै यो टोली अधिकृतहरु दौडधुपमा छन् ।

यता, २०५४ को टोली भने डीआईजीमा आफूहरु सिनियर भएको तर्क राख्दै बढुवा हुने लबिइङमा छन् । अहिले मुख्य प्रतिस्पर्धा २०५३ र २०५४ को यही टोलीबीच भएकाले बढुवा सिफारिस हुन नसकेको हेडक्वार्टर स्रोत बताउँछ ।

जसका कारण रिक्त ६ जनाभित्र पनि अग्र स्थानमा रहेर बढुवा हुन यी दुई टोलीका अधिकृतहरु लबिइङमा छन् । यी दुई ब्याचमध्ये एक ब्याचले अगामी २६ कात्तिक २०८२ बाट प्रहरीको नेतृत्व सम्हाल्नेछन् ।

२०५३ मा राष्ट्रिय अनुसन्धानको इन्स्पेक्टर भर्ना भएर प्रहरीमा स्थानान्तरण भएर आएको टोलीका प्रहरी अधिकृत अहिले एआईजी बढुवा हुँदै आगामी कात्तिकमा आईजी भएको अवस्थामा २०५४ का टोलीहरुको पनि आईजी बन्ने बाटो खुला नै रहन्छ । २०५३ को टोलीबाट आईजी भएमा ४ पुस २०८३ सम्म नेतृत्वमा रहन्छन् ।

त्यसपछि २०५४ को टोलीमध्येबाट एक जनाले १७ चैत २०८४ सम्म प्रहरी नेतृत्व सम्हाल्ने मौका पाउँछन् ।

यसका साथै एआईजी बढुवामा २६ पुस २०८१ मा डीआईजी बढुवा भएकाहरु पनि प्रतिस्पर्धामा लागेका छन् । इन्स्पेक्टरमा सँगै भर्ना भएको र डीआईजीमा छुटाइएको भन्दै उनीहरु लबिइङमा छन् । २६ पुसमा डीआईजी बढुवा हुनेहरुमा ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य, अरुण पौडेल र गोविन्द थपलिया छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'पिताम्बर' गीतः सुरक्षालाई च्वाँक भनेर जिस्काउँदै सौगात





काठमाडौं/यही चैत २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'पिताम्बर'को दोस्रो गीत 'लास्ट च्वाँक छे यार' सार्वजनिक गरिएको छ । यसमा बाबुल गिरीको स्वर तथा संगीत छ भने कृषा चौलागाईंको शब्द रचना छ । कृषा फिल्मकी निर्देशक समेत हुन् ।

कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी सौगात मल्ल र सुरक्षा पन्त चित्रित छन् । सुरक्षाप्रति सौगातको प्रेमभावलाई गीतमा प्रस्तुत गरिएको छ । तराईको लोकेसनमा खिचिएको गीतमा त्यहाँको परिवेशलाई पनि देखाइएको छ । यसअघि फिल्मको 'म त फ्यान भएँ यार' गीत सार्वजनिक भएको थियो ।

एक्सन जनरामा निर्माण भएको 'पिताम्बर'मा सौगात र सुरक्षासहित प्रदीप खड्का, दयाहाङ राई, आर्यन सिग्देल, अनुपविक्रम शाही, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष लगायतको अभिनय रहेको छ ।

विशाल चौलागाईं निर्माता रहेको फिल्ममा पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता तथा सुमन गौतम कार्यकारी निर्मातामा छन् । यसमा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद लेखन, पुरुषोत्तम प्रधानको डीओपी, शेर बहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, हिमाल केसीको द्वन्द्व निर्देशन तथा बन्दे प्रसादको सम्पादन र ट्रेलर रहेको छ ।

# दुर्गेशले गाएको 'कर्मा'को गीत रिलिज





काठमाडौं/अहिले सर्वाधिक चर्चामा रहेको गायक दुर्गेश थापाको गीत 'दुश्मन हेरेको हेर्‍यै'मा एउटा लाइन छ, 'आजभोलि दुर्गेशको गीत फिल्मतिर बिक्छ ।' गीतमा भनेझैं दुर्गेशका एकपछि अर्को फिल्ममा बिकिरहेका छन् । 'ह्रस्व दीर्घ' र 'रंगी'पछि उनको गीत फिल्म 'कर्मा'मा पनि बिकेको छ । उनले फिल्मका लागि गाएको गीत आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरियो ।

गीतमा दुर्गेश स्वयंको शब्द रचना तथा संगीत छ । एरेन्ज पनि उनकै हो । ब्याकग्राउन्ड भोकल आरसी रिमाल र भुषण खतिवडाको रहेको छ । असलका लागि असल र खराबका लागि खराब रहेको सन्देश दिएको गीतलाई फिल्मको प्रचारका लागि तयार पारिएको हो । यसैले गीतमा दुर्गेशले पटक-पटक 'कर्मा' नाम उच्चारण गरेका छन् ।

गीतको भिडियोमा दुर्गेश स्वयं प्रस्तुत छन् । उनलाई पर्याप्त 'स्क्रिन स्पेस' दिइएको छ । उनीसहित भिडियोमा फिल्मका मुख्य कलाकारहरु विपिन कार्की, मुकुन भुसाल, उपासना सिंह ठकुरी, दिव्य देव लगायत पनि चित्रित छन् । दुर्गेशको गीतले फिल्मलाई हाइप दिलाउन ठूलो भूमिका खेल्ने विश्वास निर्माण टिमको छ । उक्त गीत फिल्मको अन्तिममा राखिने जनाइएको छ ।

सौरभ चौधरीको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मा, प्रदीप ढकाल लगायतको पनि अभिनय छ । फिल्ममा विपिन एक्सन अवतारमा प्रस्तुत छन् । यो उनको पहिलो एक्सन फिल्म हो । गत साता सार्वजनिक ट्रेलरमा उनको एक्सनलाई दर्शकले रुचाएका छन् ।

वसन्त लम्सालको एकल लगानी रहेको फिल्ममा सञ्जय लामाको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, उत्तम न्यौपानेको ब्याकग्राउन्ड स्कोर, उत्तम न्यौपानेको साउन्ड डिजाइन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा निमेष श्रेष्ठको सम्पादन छ । नयाँ वर्ष २०८२ को छेको पारेर चैत २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा भ्रष्ट सिस्टमविरुद्ध एक पात्रले गर्ने संघर्षको कथा छ ।

# निजी मेडिकल कलेजविरूद्ध सडक आन्दोलनमा आवासीय चिकित्सक



पोखरा/'बिहान ७ बजेदेखि लगातार १६ घटासम्म बिरामी हेर्नुपर्छ । न भोक भन्न पाइन्छ न निन्द्रा । दिनरात बिरामीको सेवा गर्ने आवासीय चिकित्सकले पाउने पैसा भने महिनाको १७ देखि १९ हजार रुपैयाँ ।'

आफ्नो अधिकारको लागि सडकमा उत्रिएका आवासीय चिकित्सकको आवाज हो यो । पोखराको मनिपाल र गण्डकी मेडिकल कलेजका आवासीय चिकित्सकले चिप्लेढुंगास्थित मानव अधिकार चोकमा उभिएर भने, 'सरकारले तोकेको निर्वाह भत्ता देऊ, हेपाहा प्रवृत्ति नदेखाऊ ।' मध्य माघमा सरकारीसरह आठौं तह बराबर निर्वाह भत्ता दिन माग गर्दै पोखराका मनिपाल शिक्षण अस्पतालका आवसीय चिकित्सकले आन्दोलन थालेका थिए । पछि त्यो आन्दोलन देशव्यापी हुँदै काठमाडौं केन्द्रित बनेको थियो ।

माघ २५ गते निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकले सरकारी सरह (आठौं तह) को निर्वाह भत्ता दिने चिकित्सा शिक्षा आयोगको १६औं बैठकले निर्णय गरेको थियो । तर निर्णय भएको २ महिना बितिसक्दा पनि कार्यान्वयन नभएको भन्दै अहिले फेरि निजी मेडिकल कलेजका आवसीय चिकित्सक आन्दोलनमा उत्रिएका हुन् । पोखराको मनिपाल र जीएमसी मेडिकल कलेजका आवसीय चिकित्सकले सरकारले निर्णय गरेको निर्वाह भत्ता उपलब्ध गराउनुको साटो सञ्चालकले उल्टो धम्की दिने, हेप्ने काम गरेको भन्दै आइतबारबाट आन्दोलन थालेका छन् । सम्बन्धित विश्वविद्यालयले पनि सरकारले तोकेको निर्वाह भत्ता दिन कलेजलाई पत्राचारसमेत गरिसकेको मनिपालका डा. वामदेव पराजुलीले बताए ।

सरकारको निर्णयअनुसार सरकारीसरह आठौं तहको ४८ हजार ७ सय रुपैयाँ दिन नसक्ने मेडिकल कलेज सञ्चालकले बताइरहेकाले बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको जीएमसी मेडिकल केलजका रवि लामिछानेले बताए ।

सरकारको निर्णय कार्यान्वयन नभएको भन्दै काठमाडौंको किष्ट र नेपाल कलेजले माइतीघरमा आन्दोलतरत छन् । चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्स चितवनले पनि आन्दोलन गरिरहेका छन् । नेपालगञ्ज मेडिकल कलेज र लुम्बिनी मेडिकल कलेजले पनि आन्दोलनलाई फेरि थालेका छन् । आन्दोलन थालेका पोखराका मनिपाल र जीएमसी मेडिकल कलेजका आवासीय चिकित्सकले तोकिएको निर्वाह भत्ता बैंकमा प्राप्त नभएसम्म सडक संघर्ष गर्ने चेतावनी दिएका छन् ।

सरकारी स्वास्थ्य प्रतिष्ठानहरुमा यही सेवा गरेवापत ४८ हजार ७ सयदेखि सरकारी सुविधाअनुसार ६० हजार रुपैयाँसम्म पाउँछन् । तर प्राइभेट कलेजमा आवसीय चिकित्सकको श्रम शोषण भइरहेको उनीहरुको गुनासो छ ।

'राज्यले दिएको कुरालाई पनि कलेजका मालिहरुले नदिएका कारण आन्दोलनमा उत्रिनुपरेको हो, तातो घाम खाएर सडकमा चिच्याउनु परेको हो,' डा. सनम अधिकारीले भने, '४८ हजार ७ सय त हामीले एक वर्ष मेडिकल अधिकृत भएरै पाएको सुविधा हो नि तर एक वर्षपछि अनुभव पनि बढेको छ, त्योभन्दा बढी समय खटिएको छ, रातदिन सेवा गर्दा झन् दयनीय हुने अवस्था अन्त्य गरियोस् भन्ने हो ।'

सरकारले, चिकित्सा शिक्षा आयोगले निर्वाह भत्ता आठौं तहअनुसार दिन निर्णय गरेर निर्देशन गरिसक्दा पनि प्राइभेट मेडिकल कलेजले हेपाहा प्रवृत्ति देखाइरहेको जीएमसीका डा. रवि लामिछानेले बताए । 'सरकारले देऊ भनेको भत्ता हामीलाई एक सुका पनि नदिएको अवस्था छ । हाम्रो आन्दोलन त्यही हेपाहा प्रवृत्तिको विरुद्धमा हो,' लामिछानेले मानवअधिकार चोकबाट कलेज सञ्चालकलाई चेतावनी दिए, 'सरकारले देउ भनेको पैसा देऊ, हेपाहा प्रवृति नदेखाऊ, काममा आउ भन्दै धम्की नदेऊ ।'

जबसम्म प्राइभेट मेडिकल कलेजले सरकारले तोकेको भत्ता बैंक खातामा हाल्दैन, तबसम्म सडक संघर्ष गरिरहने लामिछानेको भनाइ थियो । 'हामी अब सबै सेवा ठप्प पारेर आन्दोलनमा उत्रिन्छौं, आन्दोलन हाम्रो रहर होइन, यो त अधिकारको लडाईं हो, बाध्यता हो,' लामिछानेले भने, 'मेडिकल सञ्चालक सामु सरकार पनि निरीहजस्तो देखिएको छ, निर्णय तत्काल कार्यान्वयन गराओस् ।'

*(स्रोत: अनलाइनखबर)*

# नागरिकलाई सांसद छान्ने....

साँच्चिकै सेन्सरसिप समस्या हुँदो हो त आजसम्म सबै फिल्ममेकर एकताबद्ध भएर किन संघर्ष नगरेको ? किन हामी संघर्ष गर्न सकिरहेका छैनौं ? समस्या हो भने समाधानका लागि संघर्ष गर्नुपर्थ्यो । त्यो अहिलेसम्म भएको छैन । एउटा युनिफाइड संघर्ष भएको देखिन्न । यसको अर्थ के भने सेन्सरसिप नेपाली फिल्मका लागि ठुलो समस्या होइन । हो भने संघर्ष हुनुपर्छ ।

**त्यसपछि तर्साउन छोड्छ**

अहिले भर्खर हामी समस्या हो है भन्ने अवस्थामा पुगेका छौं । संघर्ष गर्न बाँकी छ । अब गर्ने हो भने सेन्सरसिपविरुद्ध सिने आन्दोलन हुनपर्छ । जसरी निरङ्कुशताविरुद्ध जनआन्दोलन भयो । त्यसरी नै निरङ्कुशताको प्रतिनिधि एलिमेन्ट हो, सेन्सरसिप ।

सेन्सरसिपको विषयमा मेरो अर्को एउटा दृष्टिकोण पनि छ । त्यो म आफैलाई पनि डरलाग्दो लागेको छ । हामी सेन्सरसिपको विषयमा विरोध गरिरहेका छौं । यस विषयमा अलि गम्भीर भएर सोचौं त । कतै हामी नै यसको प्रोमोटर त होइनौं ? सेन्सरसिपका लागि राज्यलाई हाम्रो समाजले नै प्रश्रय दिएको त छैन ? हाम्रो समाजको चिन्तन सेन्सरसिपप्रधान नै छ । हामी हाम्रो जीवनमा फर्किएर हेरौं एकपटक ।

हामी आफ्नो भन्दा फरक मत कतिको सम्मान गर्छौं ? सेन्सरसिप भनेको कुनै पनि फरक अवधारणलाई दबाब दिएर त्यसलाई रोक्न खोज्नु हो । हाम्रा दैनिक जीवनमा, घरमा, छिमेकमा हामी फरक मतलाई स्थान दिन्छौं त ? हामी पनि कुनै न कुनै किसिमको अवरोध सिर्जना गरेर दबाउन खोज्छौं । त्यही मनोविज्ञान सेन्सरसिप हो । कतै हामीले सेन्सरसिपलाई सामाजिक रूपमा संस्कृति बनाइरहेका त छैनौं ? भन्ने मेरो अर्को एउटा प्रश्न हो ।

यो सबै रूपान्तरण नभएसम्म सेन्सरसिपको अहिलेको समस्या पूर्ण समाधान हुन समय लाग्छ । यो मेरो अहिलेको ठम्याइ हो ।

जबजब हामीले फिल्म मार्फत अलिकति केही समस्या, सिर्जना गर्ने पक्षका कुरामा प्रश्न गर्छौं । तब राज्यले सेन्सररूपी हतियार प्रयोग गर्दै हाम्रो अगाडि हिरो बन्न खोज्दैछौ ? भनेर प्रश्न गर्छ । हामीलाई एक किसिमले होच्याएको हो, तर्साएको हो । हामीले यसको प्रतिउत्तर कसरी गर्ने भन्ने कुरो हो । त्यस्तो वेलामा मात्र उसले हामीलाई तर्साउन छोड्छ, जब हामी अब कुनै पनि हालतमा तर्सिन्नौं भन्ने तयारीमा हुन्छौं । हामीले उसलाई पहिल्यै तिमीले तर्साउन पाउँदैनौ भन्नुपर्‍यो । हामीले त्यो कोसिस गर्नुपर्ने आवश्यकता छ ।

**सेन्सरसिप असंवैधानिक**

सेन्सरसिपको अर्को एउटा मूल तत्व के भने- त्यो निकायले हामीले संविधानलाई संरक्षण गरिरहेका छौं, संविधान जोगाउन सेन्सर गरेको भन्छ । जबकि संविधानले जनता सर्वोपरि, सार्वभौम हुन्छ भन्छ । राज्यले फिल्मको हकमा जनता सार्वभौम होइन, राज्य सार्वभौम भन्छ । सरकार सार्वभौम हो भनिरहेको छ । जनता सार्वभौम हो भने जनतालाई निर्णय गर्ने अधिकार दिनुपर्‍यो नि । जनताले कुन फिल्म सही छ, कुन गलत छ भनेर उसैले निर्णय गर्नुपर्‍यो । जनताको अगाडि जानुपूर्व नै राज्यको एउटा सानो निकायले तिम्रो लागि यो सही र यो र गलत, यो हेर्न हुँदैन र यो मात्र हेर भन्छ । यो देशको सांसद छान्ने अधिकार बालिग मताधिकार भएको व्यक्तिलाई छ । तर उसले कस्तो फिल्म हेर्ने भनेर छनोट गर्ने अधिकार छैन । नाबालकहरूलाई मानसिक स्वास्थ्यमा असर गर्छ भनेर कतिपय कुरामा वर्गीकरण गर्ने राज्यको दायित्वमा पर्छ । बालिग मताधिकार प्रयोग गर्ने व्यक्तिले सरकार कस्तो बनाउने भनेर छनोट गर्ने मानिसले कस्तो फिल्म हेर्ने ? कस्तो नहेर्ने ? भनेर छनोट गर्न सक्छ ।

*(साभार: रातोपाटी)*

# 'द महावीर' निर्माण घोषणा, राजेश हमालदेखि अनमोलसम्म हुने चर्चा




काठमाडौं/जिबी आग्रीको निर्देशनमा फिल्म 'द महावीर' बन्ने भएको छ । आइतबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो । पोस्टरमा दुईवटा घोडामा चढेका दुई व्यक्ति आमनेसामने भएको देखिन्छ । र, बीचमा ठूलो तरबार रातो कपडाले बेरिएको अवस्थामा छ । पृष्ठभूमिमा भने युद्ध भइरहेको देखिन्छ । पोस्टर बाट फिल्म ऐतिहासिक कथामा आधारित रहने प्रष्ट हुन्छ ।

लक्षरा फिल्सको प्रस्तुतिमा बन्न लागेको फिल्ममा कृष्ण बिके र जिबी आग्रीको लेखन छ । कृष्ण बिके, बिआर रेड्डी र सन्तोष लुहार निर्माता रहेको फिल्मको सह-निर्मातामा रम्भा देवी र लक्ष्मण बिके तथा कार्यकारी निर्मातामा संगीतकार सुरेश अधिकारी छन् । पोस्टरमा फिल्म हिन्दी र नेपाली भाषामा रिलिज हुने उल्लेख छ ।

फिल्ममा को-को कलाकार रहनेछन् भन्ने जानकारी गराइएको छैन । यद्यपि, राजेश हमाल, भुवन केसी, रेखा थापा, दयाहाङ राई, सौगात मल्ल, अनमोल केसी, धिरज मगर, आँचल शर्मा, मिरुना मगर लगायतको फिल्ममा अभिनय रहने चर्चा छ । निर्माण टिमबाट यसको पुष्टि भने भएको छैन । केही दिनमा कलाकारको नाम सार्वजनिक गरिने जनाइएको छ ।

म्यूजिक भिडियो निर्देशकको रुपमा परिचित जिबी आग्रीले 'द महावीर'बाट फिल्म निर्देशनमा डेब्यु गर्न लागेका हुन् । उनले 'हजुर मुसुक्कै', 'रातो टिकी', 'राधा पियारी', 'नीरमाया', 'सान्नानी' लगायतका तीन दर्जन बढी म्यूजिक भिडियो निर्देशन गरिसकेका छन् । उनले फेसबुकमा 'द महावीर'को थिम पोस्टर सेअर गर्दै यसबाट आफूले अर्को चुनौतीको सामना गर्ने निर्णय गरेको बताएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### दलीय स्वार्थको चेपुवामा बागमतीको हिउँदे अधिवेशन

# एउटा विधेयक पारित, ४ वटा विधेयक अलपत्र

सञ्जीव सुनार

हेटौंडा, २४ चैत/ विधेयक अधिवेशनको रुपमा चिनिने हिउँदे अधिवेशनमा सामान्यतया कानुन निर्माणको काम हुने गर्दछ तर, दलहरुको स्वार्थको चेपुवामा पर्दा बागमती प्रदेशको हिउँदे अधिवेशन अनुत्पादक सावित भएको छ ।

हिउँदे अधिवेशन जम्मा एक विधेयक पारित गरेर अन्त्य भयो । दलहरुको अनुकूलतामा प्रदेशसभाको बैठक सञ्चालनको निर्णय हुने अवस्था बनिरहेको देखिन्छ । गत माघ २६ गते प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गर्नु बाहेक कुनै महत्वपूर्ण काम नगरी प्रदेशसभाको दोस्रो कार्यकालको ५ औं अधिवेशन अन्त्य भएको छ ।

लामो समयदेखि बागमतीमा प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र), राप्रपा र नेकपा (एकीकृत समाजवादी )का सांसदले चालु आर्थिक वर्षको अर्थ र विविध शीर्षकको बजेटमा आफ्नो हिस्सा खोज्दै आइरहेका थिए । सरकारले उनीहरुको माग केही सम्बोधन गर्ने प्रतिबद्धता जनाएपनि त्यसो नभएको भन्दै प्रतिपक्षीले सदन अवरुद्ध गर्ने चेतावनी दिँदै आएको थियो । प्रतिपक्षीको चेतावनी पश्चात् सरकारले अधिवेशन नै अन्त्य गरेको हो ।



गत माघ १८ गतेबाट सुरु हिउँदे अधिवेशनअन्तर्गत माघ २३ मा २, २४ मा एक र २६ मा २ वटा बैठक बसे । सो पश्चात अनिश्चितकालका लागि स्थगित भएको बैठक २ महिनापछि बोलाइएकोमा बैठक चल्दै नचली स्थगित गरियो । चैत १९ मा प्रदेशसभा बैठक आह्वान भयो । बैठकमा विषयगत समितिमा छलफल भई प्रतिवेदन तयार भएका चार विधेयकलाई पारित गर्ने कार्यसूची थियो । सोहीअनुसार चैत १९ गते १ बजेका लागि बैठक बोलाइयो । तर, बैठक बस्ने अवस्था बनेन ।

यो अवस्थालाई मध्यजनर गर्दै सरकारको आग्रहमा सभामुख भुवन पाठकले चैत १८ गते सर्वदलीय बैठक आह्वान गरेका थिए । उक्त छलफल हुन नसकेपछि चैत १९ गते बिहान ८ बजेका लागि बैठक सारिएको थियो । उक्त दिन ११ घण्टा बैठक चल्यो । तर, कुनै ठोस निष्कर्ष निस्कन सकेन । बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म चलेको छलफलले कुनै निष्कर्ष निकाल्न नसकेपछि दिउँसो १ बजे बोलाइएको प्रदेशसभा बैठक अपराह्न ४ हुँदा चैत २० गते दिउँसो १ बजेसम्म स्थगित गरिएको थियो ।

११ घण्टा लामो छलफलमा दलहरुकातर्फबाट विशेष गरी बजेट बाँडफाँटको विषयमा केन्द्रित भएको थियो । सर्वदलीय बैठकमा विगतको सहमतिअनुसार बजेट उपलब्ध गराउने विषयमा सरकार र प्रतिपक्ष दलबीच छलफल भएपनि निचोड आउन सकेन । बजेटमा भएका सन्तुलन मिलाउन आह्वान भएको निष्कर्षविहीन सर्वदलीय बैठक दुईचरणमा चलेको थियो ।

सरकार र प्रतिपक्ष दलबीच सामान्य ढंगबाट तीन दिनमा सबै विषय मिलाउने सहमति बन्ने अवस्था रहेपनि निर्णयमा पुग्न भने सकेन । सामान्य ढंगको सहमति बनाएर संसद् सञ्चालनका लागि कार्यव्यवस्था परामर्श समितिको बैठकमा पुग्दा सहमति समेत भाँडिने अवस्थामा पुगेको थियो । जम्मा ४ दिन सदन चलेको हिउँदे अधिवेशनमा अन्य ४ वटा संशोधन विधेयक दफावार छलफलका लागि विषयगत समितिमा पठाइएको थियो ।

प्रदेशसभाको चालू अधिवेशनबाट सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेशप्रमुखको कार्यालयबाट सुझावसहित प्रदेशसभामा फिर्ता भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई विषयगत समितिमा पठाएको थियो ।

ती विधेयकमाथि दफावार छलफल गरेर प्रदेशसभाको बैठकमा पेस गर्ने तयारी भए पनि प्रदेशसभा बैठकको हिउँदे अधिवेशन अन्त्य भएपछि ती विधेयक समितिमै थन्किएका छन् । प्रतिपक्षी दलका कारण प्रदेशसभाको बैठकले निरन्तरता पाउन नसकेको बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेको भनाई छ । उनले सरकारले प्रतिपक्षीको जायज माग पूरा गर्ने बताउँदै गर्दा पनि लगातार सदन सञ्चालन गर्नै नदिने चेतावनीका कारण अधिवेशन अन्त्यको निर्णयमा पुग्नु परेको बताए । ११० सदस्यीय बागमती प्रदेशसभाका ७ दलको प्रतिनधित्व रहेको छ । कांग्रेस ३७, एमाले २७ (उपसभामुख सहित), राप्रपा १३ (सभामुखसहित), एकीकृत समाजवादी ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टी २ जना सदस्य छन् ।

# महायज्ञमा आइतबार ५० लाख रुपैयाँ संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मानवसेवा आश्रम मुख्य कार्यालयको क्षमता विकास तथा अक्षयकोष श्रीवृद्धि गर्ने उद्देश्यले सुरु भएको महायज्ञमा आइतबार ५० लाख ५२ हजार रुपैयाँ दान संकलन भएको आश्रमको वित्त विभागले जनाएको छ ।

आश्रमको सेवा व्यवस्थापनको लागि मकवानपुरका सम्पूर्ण स्थानीय तहले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । आश्रमको सेवा व्यवस्थापनको लागि महायज्ञमा थाहा नगरपालिकाले ५ लाख ११ हजार १ सय ११ रुपैयाँ प्रदान गर्ने प्रतिबद्धता गरेको छ । मनहरी गाउँपालिकाले १० लाख रुपैयाँ, बागमती गाउँपालिकाले ५ लाख रुपैयाँ, बकैया गाउँपालिकाले ५ लाख ११ हजार ५ सय ५५ रुपैयाँ, ईन्द्रसरोवर गाउँपालिकाले ५ लाख रुपैयाँ, कैलाश गाउँपालिकाले ५ लाख रुपैयाँ, भीमफेदी गाउँपालिकाले ५ लाख रुपैयाँ, राक्सिराङ गाउँपालिकाले ५ लाख रुपैयाँ, मकवानपुरगढी गाउँपालिकाले ५ लाख रुपैयाँ दिने प्रतिबद्धता गरेको हो ।

आइतबार अक्षयकोष श्रीवृद्धिका लागि महायज्ञमा दान गर्ने दाताको बाक्लो उपस्थिति रहेको थियो । महायज्ञमा व्यक्तिगत तथा संस्थागत रुपमा गक्षअनुसारको दान गरेर मानवीय सेवामा सहयोग गरेको भन्दै आश्रमले सम्पूर्ण मनकारी दाताहरुकामा कृतज्ञता ज्ञापन गरेको छ । व्यक्तिगतरुपमा आइतबार बद्रीनाथ शर्मा/निर्मला रुपाखेती/छोरा विवेक शर्माले १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्रतिबद्धता व्यक्त गरेका छन् ।

महायज्ञमा हेटौंडा उपमहानगरपालिका-७ स्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्थाले अक्षयकोष श्रीवृद्धिका लागि ५१ हजार १ सय ५१ रुपैयाँ दान गरेको छ । धर्मपथ टोल विकास संस्थाले १ लाख ११ हजार १ सय ५१ रुपैयाँ, पतंजली योग जिल्ला समिति मकवानपुरले १ लाख ११ हजार १ सय ११ रुपैयाँ दान गरेको छ । रमेशकुमार सिंह/शुशीला सिंहले १ लाख ११ हजार १ सय ११ रुपैयाँ दान गरेका छन् ।

संस्थागततर्फ कुखरेनी सामुदायिक वन उपभोक्ता समूहले २५ हजार रुपैयाँ, नमस्ते कन्सल्टिङ ग्रुप प्रा.लि, मकवानपुर होटेल एसोसियसन, लायन्स क्लब अफ हेटौंडा बजार ग्रिनसिटि परिवार, कृष्णप्रणामी मूल मन्दिर मूलमिलावा धाम, तुलसी गिरी (सञ्जीवनी आयुर्वेद पोलिक्लिनिक)ले सहयोग गरेका छन् । ज्ञानदीप सहकारी संस्था/जिएस निकेतन मावि परिवारले १ लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेको छ । बसाहा महादेव टोल विकास परिवार, हेटौंडा क्याम्पस, युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड, बिन्दावासिनी टोल विकास संस्था, जीवनविज्ञान प्रतिष्ठान जिल्ला परिषद् मकवानपुरले पनि सहयोग गरेका छन् ।

ग्यावियोनेट इन्भायरोमेन्ट सोलुशन प्रा.लि, नेपाल अटो ईरिक्सा व्यवासायी संघ, सिद्धार्थ टोल विकास संस्था परिवार, प्रदीप कँडेल (दियालो फोर्स सेक्युरिटी प्रालि), सौन्दर्यकर्मी संगठन नेपाल, नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.ले सहयोग गरेका छन् । सुरज देवकोटाले ५५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेका छन् । त्यतै कुन्ता दाहाल, गणेशकुमार कर्ण, गोमानसि बोम्जन/हरिमाया घलान, वसन्तराज गौतम/मन्जु देवकोटा, परिचय बचत तथा ऋण सहकारी संस्था लि, उत्तमकुमार बस्नेत/विष्णु बस्नेत, सुजन वैद्य, बिन्दु भेटवाल पाण्डे, कविता भेटवाल, ध्रुवबहादुर बिष्ट, कृष्णसागर श्रेष्ठले सहयोग गरेका छन् ।

अबिनेश अधिकारी, लक्ष्मी नेपाल, सरोज बिडारी र शोभा गौतम बिडारी, उत्तम खड्का, हृयग्रीव आचार्य, अर्जुनकुमार आर्याल, अरुण रायमाझी, मोनिका रायमाझी, भरत गोपाली, नीरन्जनकुमार सहनी, मीना भट्ट/सभ्यता लामिछाने, तीर्थ रोक्का क्षेत्री, प्रदीप पराजुली/उज्ज्वल पराजुली परिवार, रामेश्वर लामिछाने, लालकुमारी भण्डारी, कृष्णप्रसाद सिलवाल, निर्जन दुलाल/निर्भीक दुलाल, अनिता श्रेष्ठ, भीमसेन चौलागाई, सुशीला न्यौपाने बुढाथोकी, रामकुमार राजभण्डारीले सहयोग गरेका छन् ।

सरस्वती खरेल, देवकी पौडेल, निर्मला श्रेष्ठ, सुधा गौतम, सुन्दरसिंह बुढाथोकी, मोतिलाल श्रेष्ठ/शुशिला श्रेष्ठले दान गरेका छन् । आश्रमले महायज्ञको आयव्यय विवरण आगामी चैत ३० गते बिहान ७ बजे पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्ने जनाएको छ । घर भाडामा लिएर सेवा शुभारम्भ गरेको आश्रमले हेटौंडा-९ लामसुरेधापमा भवन निर्माण सम्पन्न गरी भाडाको घरबाट आफ्नै भवनमा सेवा सञ्चालन गरिरहेको छ ।

# झम्केश्वरी माविको छात्राबास भवनको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मकवानपुरको थाहा नगरपालिका-१, ओखरबजारस्थित झम्केश्वरी माविको ६ कोठे छात्राबास भवनको शिलान्यास भएको छ ।

आइतबार मकवानपुर क्षेत्र नं. २ का सांसद् तथा नेकपा एमालेका मुख्यसचेतक महेश बर्तौलाले भवनको शिलान्यास गरेका हुन् । एक पालिका एक छात्रावास अभियानअन्तर्गत झम्केश्वरीमा छात्रावास निर्माणको कार्य हुन लागेको सांसद बर्तौलाले बताए । संघीय सरकारको १ करोड रुपैयाँ लागतमा भवन निर्माण हुने झम्केश्वरी माध्यमिक विद्यालयका लेखापाल जर्म श्रेष्ठले जानकारी दिएका छन् ।

भवन निर्माणको ठेक्का एलन निर्माण सेवाले पाएको छ । आउँदो असार मसान्तसम्ममा भवन निर्माण गरी सक्ने उनले बताए । ५१ जना विद्यार्थीका लागि छात्रावास निर्माण हुन लागेको हो । झम्केश्वरी माविमा बालविकास केन्द्रदेखि कक्षा-१० सम्म पढाई हुन्छ । साढे २ घण्टाको पैदलयात्रा गरी कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिकाको ४ र ५ नम्बर वडाबाट पढ्नका लागि विद्यार्थी आउने गरेका छन् ।

छात्रावास निर्माणपश्चात् घण्टौं पैदलयात्रा गरेर आउने विद्यार्थी र कोठा भाडामा बस्न बाध्य विद्यार्थीलाई राहत हुने विद्यालयले जनाएको छ । छात्रावासमा बस्ने विद्यार्थीले खानाको व्यवस्था आफैंले गर्नुपर्ने छ । हाल विद्यालयमा १८ शिक्षक छन् भने २ सय ९५ जना विद्यार्थी अध्ययनरत छन् । यसवर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई) मा २६ जना विद्यार्थी सहभागी भएका थिए ।

# हेटौंडा-३ मा महायज्ञ सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ हेटौंडा उपमहानगरपालिका-३ बसामाडीस्थित महेन्द्रकिरण माध्यमिक विद्यालयको चौतर्फी विकासका लागि श्रीमद्भागवत महापुराण सप्ताह ज्ञानमहायज्ञ सुरु भएको छ ।

३ नम्बर वडा कार्यालयको संरक्षकत्वमा विद्यालय व्यवस्थापन समितिद्वारा 'शिक्षाका लागि भिक्षा' अभियान अन्तर्गत सप्ताह ज्ञानमहायज्ञ आयोजना गरिएको हो । चैत २३ गतेदेखि जारी धार्मिकसत्संग तथा कथाप्रवचन कार्यक्रम चैत ३१ गतेसम्म हुने मूलसमारोह समितिका संयोजक एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क पाखिनले जानकारी दिएका छन् ।

दैनिक बिहान ७ बजेदेखि नित्यपूजा, १० बजेदेखि ४ बजेसम्म कथाशिरोमणि पन्डित दीपकप्रसाद पौडेलबाट कथावाचन, पाठपारायण हुनुका साथै भजनकीर्तन टोलीबाट संगीतमय भजनका साथै कथाअनुसारको अभिनय प्रस्तुत भइरहेको छ । महायज्ञबाट ३० लाख रुपैयाँ संकलन हुने आयोजकको लक्ष्य रहेको छ ।

# गुडिरहेको अटोमाथि ढुंगा खस्दा सारुमगर घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ कान्तिलोकपथ अन्तर्गत मकवानपुर गढी गाउँपालिका-२ गुडिरहेको अटोमाथि गंगाभिरबाट ढुंगा खस्दा हेटौंडा-८ का एक पुरुष गम्भीर घाइते भएका छन् ।

आइतबार दिउँसो मकवानपुरगढी दरबारबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना २ ह १२९० मा ढुंगा खस्दा अटोचालक हेटौंडा-८ का ५४ वर्षीय सूर्ज सारुमगर गम्भीर घाइते भएको प्रहरीले जनाएको छ । घाइते सारुमगर नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरका बाबु हुन् ।

मगर अटोचालक रहेको र अटोमा अन्य ३ जना सवार रहेकोमा अन्यलाई चोटपटक नलागेको प्रहरीले बताएको छ । सारुमगरको हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारको लागि चितवन रिफर गरिएको थियो । चितवनबाट काठमाडौं न्युरो अस्पताल रिफर गरिएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।


## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु

☞ नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
☞ तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
☞ सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
☞ चिकित्सकको सल्लाह पालना गर्ने,
☞ चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
☞ आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।

*स्वस्थ र दीर्घ जीवन बाँचौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



## वन डढेलो सम्बन्धि जनचेतनामूलक सूचना

ध्यान दिऔं ।।।

- बालिरहेको चुरोट बिडिका ठुटा जंगलमा नफालौं, तिनलाई फाल्नु अघि राम्रे संग निभाऔं ।
- आगोको काम सम्पन्न भएपछि आगो पूर्ण रुपमा निभाऔं ।
- जंगलभित्र गोल पोल्ने काम पटकै नगरौं ।
- रातको समयमा जंगलमा वा जंगलको बाटो हिड्दा राँको नबालौं ।
- गोठाला, घाँस दाउरा गर्ने मानिस तथा स–साना केटाकेटीहरुलाई जंगलमा सलाई, लाइटर लियर जान नदिऔं ।
- वनभोजको काम सकेपछि आगो राम्रो संग नभाऔं ।
- आफ्नो खेतबारीमा झारपात डढाएपछि आगो पूर्ण रुपमा नभाऔं ।
- शिकारीहरुलाई आफ्नो सामुदायिक वनमा शिकार गर्न र वनमा डढेलो लगाउन नदिऔं। त्यस्ता शिकारीहरुलाई पकाउ गरी नजीकको वन उपभोक्ता समिति वा वन कार्यालयमा बुझाऔं।
- वन जंगलमा आगो लागेको देखिएमा सबै मिलि तत्कालै नभाऔं र नजिकको वन उपभोक्ता वा समिति वा सूरक्षा निकायमा तुरुन्तै खबर गरौं ।
- वनमा डढेलो लाग्न नदिन अवलम्बन गरिने उपायहरुको बारेमा अ–आफ्ना बिद्यार्थीहरुलाई सचेत गराउनु हुनका लागि शिक्षकहरुलाई हार्दिक अनुरोध गर्दछौं
- वन अपराध गर्नेलाई वन एन–नियम अनुसार कारवाही गर्नको लागि सहयोग पुर्‍याईदिनु हुन सम्पूर्ण जनसमुदायलाई अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, हेटौंडा मकवानपुर ।








## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना